दर्ता नं. : ११८१५९/२०७०/०७१ इजाजत नं.: ने.रा.बैंक/इ.प्रा./"घ"/३९/०७१/७२

# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.

# Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

च.न. ५३९ /०८०/८१ मिति : २०८०/१०/११

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई शान्ति मार्ग भद्रकाली, काठमाण्डौं ।

**विषय : ९ औं वार्षिक साधारण सभाको माईन्यूट सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा,यस वित्तीय संस्थाको मिति २०८० पौष २९ गते (तद्नुसार १४ जनवरी २०२४) आइतवार सम्पन्न नवौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट ) यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौं ।

भवदीय,

(नारायण अधिकारी)
कम्पनी सचिव

**उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड**

**केन्द्रीय कार्यालय सि.न.पा.- १२ रुपन्देही**

**(नेपाल राष्ट्र बैंकवाट इजाजतपत्र प्राप्त संस्था)**

**आ.ब.२०७९/२०८०**

**२०८० पौष २९ गते आइतबार (तद्नुसार १४ जनवरी, २०२४) का दिन सम्पन्न**

**नवौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका**

१. **बैधानिक सभा :**

श्री उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८० पौष ७ गते शनिवार बसेको सञ्चालक समितिको २१०औं बैठकको निर्णयानुसार नवौं बार्षिक साधारण सभा आज मिति २०८०/०९/२९ गते आइतबार कम्पनी ऐन २०६३ र वित्तीय संस्थाको नियमावलीको नियम १८ बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री खड्ग बहादुर रानाज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी तपसिलका बिषयहरु उपर छलफल तथा निर्णय भई देहाय बमोजिमका काम कारवाहीहरु सुसम्पन्न भयो ।

२. **नवौं वार्षिक साधारण सभाको मिति, समय र स्थान :**

मिति :- २०८० साल पौष २९ आइतबार, (तद्नुसार १४ जनवरी, २०२४) ।

समय :- विहानको : ठिक १०.०० बजे ।

स्थान :- एशियन बुद्ध होटल सि.न.पा.- ८ रुपन्देही (भैरहवा) ।

३. **सभाको सूचना :**

(क) यस वित्तीय संस्थाको मिति २०८० साल पौष ७ शनिबार बसेको सञ्चालक समितिको २१०औं बैठकको निर्णयानुसार नवौं बार्षिक साधारण सभा आज मिति २०८०/०९/२९ गते हुने गरी सभाको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार सो सभामा छलफल हुने विषयहरु सहितको विवरण खुलाई पहिलो पटक आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०/०९/०८ र दोस्रो पटक बुटवल टुडे दैनिक पत्रिकामा २०८०/०९/१३ मा प्रकाशित गरिएको ।

(ख) यसका अतिरिक्त वार्षिक साधारण सभा बस्ने सुचनाको साथै संक्षिप्त आर्थिक विवरण पुस्तिका शेयरधनी महानुभावहरुले उपलब्ध गराउनु भएको ठेगानामा पठाईएको ।

४. **सभामा प्रस्तुत छलफलका बिषयहरु :**

**छलफलका बिषयहरु :**

(क) **सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७९/०८० को बार्षिक प्रतिवेदन स्वीकृत गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्त सम्मको वासलात र आर्थिक वर्ष २०७९/०८० को, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत वित्तीय विवरणमा छलफल गरी स्वीकृत गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र नीजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने।

(ख) **विशेष प्रस्तावहरु :**

१. भविष्यमा वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय सस्थाहरुलाई गाभ्ने वा संस्थाहरुसंग गाभिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ती गर्ने/प्राप्ती हुन जाने (Acquisition) प्रयोजनार्थ उपयुक्त देखिएमा सो संग सम्बन्धित आवश्यक सम्पूर्ण कार्वाही अगाडि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) **विविधः**

५ **सभामा उपस्थिति :**

**(क) सञ्चालकहरुको उपस्थिति :**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री खड्ग बहादुर राना | अध्यक्ष |
| २. | श्री खिल राज मैनाली | सञ्चालक |
| ३. | श्री तुलसी राम खनाल | सञ्चालक |
| ४. | श्री राजन तिवारी | सञ्चालक |
| ५. | श्री यम कुमार खड्का | सञ्चालक |

(ख) आमन्त्रित तथा अन्य पदाधिकारी:

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री भरत कुमार शाह | प्रमुख अतिथि (संस्थापक अध्यक्ष तथा पूर्व संघीय संसद, सार्वजनिक लेखा समिति सभापति) |
| २. | श्री प्रेम बहादुर पाठक | प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री कमलराज जोशी | निर्वाचन अधिकृत |
| ४. | श्री नारायण अधिकारी | नायव प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |

(ग) शेयरधनीहरुको उपस्थिति :

| | |
|---|---|
| क. कुल शेयर संख्या (संख्यामा) | २४,६८,६५७.३६२९ |
| ख. जम्मा शेयरधनी (संख्यामा) | २६८३१ (भौतिक र अभौतिक समेत) |
| ग. जम्मा शेयरधनीको प्रतिनिधित्व (संख्यामा) | १०४ |
| स्वयं उपस्थित | २८ |
| प्रतिनिधि (प्रोक्सी मार्फत) उपस्थित | ७६ |
| घ. जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | १३,९०,७२६ |
| ङ. जम्मा शेयरको प्रतिनिधित्व (प्रतिशतमा) | ५६.३४% |
| शेयरधनीहरु स्वयं | २६.६१ % |
| प्रोक्सी मार्फत | २९.७३% |

६. **सभाको गणपुरक सँख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३ (२) बमोजिम कुल शेयर संख्या २४,६८,६५७.३६२९किता को ५६.३४ प्रतिशत शेयरधनीको प्रतिनिधि पश्चात सन्चालकज्यू बाट सभाको काम कारवाही अगाडी बढाउनु भयो ।

७. **सभाको वैधानिकता :**

कार्यक्रम सन्चालक संस्थाको बरिष्ठ प्रवन्धक श्री हरिहर गौतमले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा नियमालीको नियम १८ को उपनियम ३ बमोजिम सभा बोलाईएको र सभाको लागि आवश्यक गणपुरक संख्याको हकमा कम्पनी ऐनको दफा ७३ (२) तथा वित्तीय संस्थाको नियमावली को नियम २३ मा उल्लेख भए बमोजिम ५० प्रतिशत भन्दा बढीको प्रतिनिधित्व पुगेको हुँदा सभा सन्चालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनीहरुमा अवगत गराएपछि सभाको कार्यक्रम बिहान ११:३० बजे शुरु भयो ।

८. **सभाको कारवाही तथा सभापतित्व :**

कम्पनी ऐन, २०६३ को नियम ७४ (१) र यस वित्तीय संस्थाको नियमावलीको नियम १९ (१) मा व्यवस्था भए बमोजिम कार्यक्रम सञ्चालक बरिष्ठ प्रबन्धक हरिहर गौतमले वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले साधारण सभाको अध्यक्षता गर्ने व्यवस्था रहेको व्यहोरा सहित यस संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री खड्ग बहादुर राणाज्यूलाई सभाको अध्यक्षता गर्न अनुरोध गर्नु भएपछि समितिका अध्यक्षज्यूले सभापतित्वको आसनग्रहण गर्नु भयो भने सभामा प्रमुख अतिथि, सञ्चालक, आमन्त्रित अतिथि लगायतलाई आसनग्रहण गर्नको लागि अनुरोध गरे बमोजिम अतिथिज्यूहरुले आसनग्रहण गर्नु भयो ।

९. **सभाको उद्घाटन:**

सभाका प्रमुख अतिथि संस्थाका संस्थापक अध्यक्ष तथा पूर्व संघीय संसद, सार्वजनिक लेखा समितिको सभापति श्री भरत कुमार शाहज्यू तथा सञ्चालक समितिका अध्यक्ष श्री खड्ग बहादुर राणाज्यूले संयुक्त रुपमा पानसमा बत्ती बालेर सभाको समुद्घाटन गर्नुभयो ।

१०. **स्वागत मन्तव्य:**

सञ्चालक श्री तुलसी राम खनालज्यूले स्वागत मन्तव्य दिनु भएको र मन्तव्य अर्न्तगत यस संस्थास्थापना कालको नवौं आर्थिक बर्ष पुरा गरी बार्षिक साधारण सभा गर्न पाएकोमा हर्ष उल्लास रहेको उमेर बढे संगै हामी परिपक्क हुदै गएको र १०औं वर्ष-आउन १ वर्षमात्र बाकी रहेकोमा संस्थापक शेयर साधारण शेयरमा परिणत गर्न पाइने भएकोले आठौं भन्दा नवौ साधारण सभा उल्लासमय रहेको भन्दै यस अवधिमा राष्ट्रिय परिवेशका कारण अर्थतन्त्रमा आयको मन्दी ले ग्राहकको कय क्षमता घटेको, अराजक समुहले वित्तीय संस्था प्रति नकारात्मक भावना जागृत गराई पैसा तिर्नु पर्दैन भनि बजारमा भने गरेको जसले गर्दा निश्क्रिय कर्जा बढेर नाफा घट्न गएको साथै बैकिङ्ग क्षेत्रमा खुल्ला अर्थतन्त्रले गर्दा कर्जा लिएका बैक हरुले व्याजदर वृद्धि गरी १४.५० प्रतिशत सम्म पुऱ्याएको जसले गर्दा सोचेको नतिजा दिन नसकिएको स्वीकार गर्नु भयो । नियमन निकायबाट व्याजदरमा विगत वर्ष भन्दा केही सुधार उन्मुख भएकोले आशाका किरणहरु देखिन थालेका, नेपाल सरकार र नेपाल राष्ट्र बैंकले लघुवित्त संस्थालाई सकरात्मक रुपमा लिन थालेको, सुझाव समितिले Spreed Rate राख्न सुझाव दिएको, १/२ वर्ष नाफा खाना नपाए पनि लामो समय सम्म छोरा नातिले नाफा खान पाउने पुर्वतिरको क्षितिजमा आशाका किरणहरु देखिएकोले आगामी दिनमा उज्यालो हुन सक्ने भएकोले अहिलेको परिस्थितिलाई शेयरधनीले बुझिदिनुहुन्छ भनि उपस्थित सवैलाई स्वागत गरी सभाको सफलताको शुभकामना प्रदान गर्नु भयो ।

**स्वागत मन्तव्य पश्चात राष्ट्रिय गान प्रशारण गरियो**

शेयरधनी श्री राम किशन विश्वकर्माको ममतामयी माता श्रीमति आईताश्री विश्वकर्मा र उहाँको श्रीमति लिला विश्वकर्मा, शेयरधनी श्री विष्णु कुमारी गुरुङ को पिता जुन प्रसाद गुरुङ शेयरधनी श्री रामचन्द्र आचार्यको श्रीमति सिता देवी आचार्य तथा कर्मचारी श्री दामोदर सिग्देलको श्रीमति सुमित्रा सिग्देलको दुखःद निधन भएकोमा मृतआत्माप्रति चिरशान्तीको कामना गर्दै १ मिनेट मौन धारण गरियो ।

## ११. प्रमुख कार्यकारी अधिकृतज्यूको मन्तव्य :

वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री प्रेम बहादुर पाठकज्यूले दिनु भएको मन्तव्यमा यस उन्नति सहकार्य लघुवित्त वित्तीय संस्थाले स्थापना कालको नवौं आर्थिक बर्ष पुरा गरेकोमा यथार्थ तथ्याङ्कहरु प्रस्तुत गर्दै सदस्यहरुको जीवनस्तर वृद्धि नै यस लघुवित्त संस्थाको प्रमुख ध्येय रहेको वताउनु भयो । वित्तीय संस्थाको घट्दो नाफा एवम् सञ्चालन आत्मनिर्भरताको अवस्थामा र बढ्दो निष्क्रिय कर्जाले समग्र लघुवित्त क्षेत्र लगायत हाम्रो वित्तीय संस्था पनि दबाबको अवस्था रहेको बताउनु भयो भने वित्तीय बजारमा संचालन घाटा रहनुका कारणहरुमा अत्यधिक मंहगो १४.५०% सम्म वित्तीय स्रोतको लागत व्याज खर्च, बैक तथा वित्तीय संस्थाको ऋण नतिर्नुस, हामीलाई साथ दिनुस भन्ने कथित समूहको रु २० लाख भन्दा कमको ऋण मिनाह गर्छौं, ऋण रकम तिरेमा तपाइहरुलाई नै घाटा हो भन्ने जस्ता झुठा प्रलोभन र आश्वासनले कर्जा असुलीमा अवरोध, लघुवित्त बिरुद्धको कथित संघर्ष समिति भन्ने समूहले विभिन्न शाखाहरुमा (सिसहानिया, चुवा, जस्पुर र शंकरपुर) साईन बोर्ड लगायतका कार्यालयका सम्पत्ती तथा सामानहरु तोडफोड गर्ने, कार्यालयमा तालाबन्दी गर्ने, घर खाली गर्न उर्दी जारी गर्ने जस्ता अमर्यादित र अबाञ्छित कृयाकलाप तथा लघुवित्त निषेधित क्षेत्र घोषणाले असुली कार्य प्रभावित हुन पुग्यो, कार्य सम्पादन तथा असुली कार्यको सन्दर्भमा फिल्डमा जादा कर्मचारीहरु माथि ज्यान मार्ने धम्की दिने, कालोमोसो दल्ने, कर्मचारीले खानामा थुक्यो भन्ने झुठो आरोप लगाउने, हातपात गर्ने कर्मचारीहरुले जीउ ज्यानको समेत असुरक्षा महशुस गर्दा मनोबल खस्किन गई असुली कार्य प्रभावित हुन पुग्यो, निष्कृय तथा खराब कर्जा बृद्धि हुन गइ कर्जा नोक्सानीको भार तथा असुल हुनु पर्ने व्याज अधिक हुन गयो, जसले गर्दा निष्क्रिय कर्जा अनुपात अधिकांश वर्षहरूमा ३ प्रतिशतभन्दा कम रहने गरेकोमा २०८० आषाढमा ४.०४ प्रतिशत पुगेको उल्लेख गर्नुभयो ।

वित्तीय संस्थाले आधुनिक प्रविधिको अनुसरण अबको युग, सूचना प्रविधिको युग हो भन्ने तथ्य मनन् गरेको छ । सूचना प्रविधिमा भएको द्रुतस्तरको विकासलाई हाम्रो लघुवित्त संस्थाले वित्तीय सेवामा उपयोग गरी तुलनात्मक लाभको अवस्था श्रृजना गर्नु नै अबको सहि बाटो हो भन्ने मान्यतालाई वित्तीय संस्थाले अंगिकार गरेको छ । यहि मान्यता अनुरुप नेपाल राष्ट्र बैक बाट भुक्तानी सम्बन्धी कार्य गर्ने अनुमति लिई सकेको छ जुन ने.रा. वैकबाट लघुवित्त वित्तीय संस्थाहरुमा ६औं नम्वरमा अनुमति पाएको छ भने ट्यावलेट वैकिङ, मोवाईल बैकिङ र इ-सेवा

बाट पनि सेवा दिइरहेको छ, Nex Gen Microfinance Banking (Customer Relationship, Client Friendly Innovative Microfinance Service) डिजिटल प्रविधिहरु कार्यान्वयन गरिने । डिजिटल प्रविधि अबको लघुवित्त वित्तीय अभ्यासको मूल कडी बनाई लागत Cost घटाउदै वित्तीय संस्था अगाडि बढने छ । वित्तीय संस्थालाई Paper Less Microfinance Institution बनाउने योजना कार्यान्वयमा जोड दिएको छ, Real Time Basis मा कार्य गर्ने व्यवस्थाको लागि QR Code, SMS Service, Mobile Banking/Tablet Recording Keeping System जस्ता प्रविधियुक्त व्यवस्थालाई कार्यन्वयनमा थप प्रभावकारी बनाउन जोड दिइने छ, वित्तीय संस्थाले ग्राहक संरक्षण सिद्धान्त लाई अवलम्वन गर्दै ग्राहक अभिभावक को आर्थिक कारोवार सम्बन्धमा गुनाशो भएमा सिधै संस्थाको website मार्फत नायव प्रमुख कार्यकारी अधिकृत/जनशक्ति व्यवस्था विभाग प्रमुख सँग सर्म्पक गरी गुनाशो राख्न सक्ने व्यवस्थाको कार्यान्वयन ल्याइएको छ ।

वित्तीय बजारमा देखिएको समस्या तथा चुनौतिहरु र तिनलाई समाधानको लागि व्यवस्थापनले अवलम्बन गर्ने रणनीतिको बारेमा प्रकाश पर्नु भयो ।

**समस्या चुनौति तथा रणनीति:**

- कर्जाको गुणस्तर अभिवृद्धि गरी कर्जा असुली माध्यमबाट निष्कृय कर्जाको मात्रा न्युनस्तरमा कायम गर्ने ।
- सुचना प्रविधिको उच्चतम प्रयोग गर्दै गर्दा यसमा हुने अन्तरनीहित जोखिमहरुको समयमै पहिचान र तिनीहरुको उचित व्यवस्थापन गर्नु ।
- संस्थामा कार्यरत दक्ष जनशक्तिमा भएको ज्ञान,सीप र क्षमताको अधिकतम उपयोग गर्नु र जनशक्तिको छोड्ने दर कम गर्नु ।
- देशको अर्थतन्त्रमा उत्पन्न प्रतिकुलता सँगै सृजित तरलता अभावको कारणले संस्थाको कर्जाका साँवा तथा व्याज भुक्तानीमा परेको समस्या ।
- वित्तीय संस्थामा रहेको निष्कृय कर्जाहरु ,
- नियमनकारी निकायबाट जारी हुने नीति तथा निर्देशनहरुबाट हुने सञ्चालन खर्चको वृद्धि तथा आम्दानीमा आउन सक्ने संकुचनका कारण अपेक्षित नाफामा हुने कमी ।
- कर्मचारीले संस्था छोड्ने प्रवृतिमा वृद्धि ।

**त्यस्तो समस्या तथा चुनौति समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति :**

- खर्चहरुको प्रभावकारी अनुगमन तथा उच्च जोखिमयुक्त सम्पत्तिहरुको उचित व्यवस्थापन गर्ने ।
- सञ्चालन बजार जोखिम क्षेत्रहरुको अनुगमन र योजनाबद्ध रुपमा प्रभावकारी अनुगमनमा जोड दिने ।
- निष्कृय कर्जा असुली तथा व्यवस्थापनमा उच्च प्रथमिकता दिने ।
- समय सापेक्ष हुने गरी प्रविधिमा अधारित नयाँ सेवा तथा सुविधाहरुको विकास र विस्तार गर्ने ।
- कर्मचारी तालिम सम्वन्धमा योजनाबद्ध कार्यतालिकाको प्रभावकारीता अभिवृद्धि गर्ने ।

- कर्मचारीलाइ Retain गर्न प्रमुख जोड गरिने ।
- वित्तीय स्रोतको लागत घटाउन सक्दो पहल प्रयास गर्ने ।
- नयां आम्दानीका स्रोतहरु खोज गरी सन्चालन आम्दानी बढाउने ।

आगामी दिनमा अझ उत्कृष्ट वित्तीय सेवाहरु उपलब्ध गरी कार्यक्रम सञ्चालनमा जोड दिइने व्यहोरा सभामा जानकारी गराउनुभयो ।

१२. **अध्यक्षको वार्षिक प्रतिवेदन प्रस्तुति :**

सभाका सभापति तथा संचालक समितिका अध्यक्ष श्री खड्ग बहादुर रानाज्यूले सञ्चालक समितिको तर्फबाट आ.ब. २०७९/०८० को बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । तत्पश्चात् सो प्रतिवेदन उपर छलफलका लागि सभामा उपस्थित शेयरधनीहरुबाट जिज्ञासा तथा सुझावहरुको लागि आह्वान गर्नुभयो ।

१३. **निर्वाचन परिणाम**

निर्वाचन अधिकृत बरिष्ठ अधिबक्ता श्री कमल राज जोशिज्युले संस्थापक शेयरधनी तर्फ रिक्त रहेको १ जना संचालकको पदमा पुष २८ गते २ जना शेयरधनीहरु श्री नारायण प्रसाद घिमिरे र श्री लाल बहादुर थापाको उम्मेदवारी परेकोमा सहमति र समन्वयमा श्री नारायण प्रसाद घिमिरेज्यूले उम्मेदवारी फिर्ता लिई श्री लाल बहादुर थापा निविरोध निर्वाचित भएको घोषणा गर्नु भयो । निर्वाचित संचालकलाई अविर लगाई बधाई दिनु भयो भने अध्यक्षज्यूले स्वागत गरी नव निर्वाचित संचालकलाई आशन ग्रहण गराउनु भयो । निर्वाचन अधिकृत बरिष्ठ अधिबक्ता श्री कमल राज जोशिज्युले वित्तीय संस्था अप्ठेरो अवस्थामा रहेकोले सबैमिलि संस्थालाई पुर्वोत्तर अवस्थामा पुग्ने गरी कार्य गर्न साथै संस्थाको उतरोत्तर प्रगतिको कामना सहित आफ्नो भनाई समाप्त गर्नु भयो ।

१४. **छलफलमा सहभागी हुनुभएका शेयरधनी महानुभावहरु, जिज्ञासा एवं सुझाव तथा जवाफ :**

सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री खड्ग बहादुर रानाज्यूले सञ्चालक समितिको तर्फबाट प्रस्तुत गर्नुभएको आ.ब. २०७९/०८० को बार्षिक प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनी हरुले आफ्नो विचार राय मन्तव्य, टिका टिप्पणी, समालोचना तथा जिज्ञासाहरु व्यक्त गर्नु भयो ।

क. शेयरधनी श्री कुल प्रसाद न्यौपानेको विचार राय मन्तव्य तथा जिज्ञासाहरु :

भोलिका दिनहरुमा सुधार गर्नु पर्ने ठाउमा सुधार गर्दै सञ्चालक समितिले घाटालाई घटाउदै जानु पर्ने । सबै आर्थिक कारोबारहरु घाटामा रहेकोमा बैकहरुले बढी व्याजदर लिई नाफा कमाउन सफल रहेकोमा लघुवितहरु सहकारीको भन्दा पनि दयनीय अवस्थामा रहेकोले लगानी गर्दा सञ्चालक समिति तथा कर्मचारीहरुले बिचार पुऱ्याएर

लगानी गर्नु पर्ने भनि आफ्नो विचार राख्नु भयो भने बित्तीय संस्थाको मर्जको आवश्यकताको बारेमा जिज्ञासा राख्नुभयो ।

ख. शेयरधनी श्री कमल भण्डारीले खर्च घटाउने व्यवस्थापनको रणनीति, कर्मचारी संख्या घट्ने तर खर्च बढ्ने, अन्य लघुवित्त भन्दा हामि विशेष हुन किन नसकेको बारेमा जिज्ञासा राख्नु भयो ।

ग. शेयरधनी श्री चिरन्जिवी ज्ञवलीले FPO ३ वर्ष अघी किन जारी गरिएन, ३ वर्ष होल्ड पश्चात किन परल मुल्यमा जारी गरियो सो को बारेमा जिज्ञासा राख्नु भयो ।

घ. शेयरधनी श्री टार कुमार दाहालले बित्तीय संस्थाको मर्ज सम्बन्धी प्रगतिको बारेमा जिज्ञासा राख्नुभयो ।

१५. **शेयरधनी महानुभावहरुको प्रश्न, समालोचना, राय, मन्तव्य सुझावहरुको सन्दर्भमा अध्यक्ष ज्यूले दिनु भएको प्रत्युत्तरको मुख्य मुख्य अंशहरु:**

क. शेयरधनी श्री कुल प्रसाद न्यौपाने र टार कुमार दाहालको प्रश्नको सन्दर्भमा अध्यक्ष ज्यूको अनुमतिमा मर्जर समितिका संयोजक श्री तुलसी राम खनालज्यूले दिनु भएको प्रत्युत्तर : मर्जको आवश्यकता सम्बन्धमा पुँजि धेरै भएमा लगानी बढाएर नाफा कमाउन सकिने सानो दोकान भन्दा ठुलो दोकानबाट नाफा हुन सक्ने भन्ने उदाहरण सहित नेपाल राष्ट्र बैकले लघुवित्त वित्तीय संस्थाहरुलाई मर्ज गरी एक हुन प्रेसर दिइरहेको तथा हामी आफै पनि ठुलो संस्था हुनको लागि मर्ज जरुरी रहेको भन्नु भयो । मर्ज सम्वन्धी प्रगतिको बारेमा ३ वर्ष देखी विभिन्न लघुवित्तहरु संग छलफलमा रहेको, धेरैजनाको मनपेट मिलाउन अप्ठारो रहेको, २/३ वटा संस्था संग कुरा गरेको ९५ प्रतिशत कुरा भई सकेपछि अगाडी बढ्न नसकेको अन्य संस्थाहरु संग मर्जका लगि प्रयासरत रहने कुरा राख्नु भयो । संचालक श्री खिलराज मैनालीले हामी पदको लागि बार्गेनिङ नगरेको तर लगानी सुरक्षित लाई विशेष ध्यान दिएको सभामा जानकारी गराउनु भयो ।

ख. शेयरधनी श्री कमल भण्डारीको प्रश्न को सन्दर्भमा अध्यक्षज्यूको अनुमतिमा प्रमुख कार्यकारी अधिकृतज्यूले प्रत्युत्तर दिनु भयो जसमा खर्च घटाउन घर भाडा घटाउन पहल गर्ने, छपाईमा मितव्यी हुने, डिजिटेलाइजेसनमा जोड दिने, बैक तथा वित्तीय संस्था बाट लिएको कर्जाको व्याज घटाउन पहल गर्ने, वित्तीय साक्षरता गराई कर्जा असुलीमा जोड दिई नोक्सानी घटाउने, कर्मचारी संख्या घट्ने तर कर्मचारी खर्चमा वृद्धिलाई तालिमे कर्मचारीहरुको स्थायी तथा अन्य कर्मचारीहरुको ग्रेड बृद्धि, गत वर्षको कर्मचारी खर्चको ३ प्रतिशत खर्च कर्मचारी तालिममा देखाउनु पर्ने ने.रा. बैकको निर्देशनले गर्दा खर्च वृद्धि भएको जानकारी गराउनु भयो ।

ग. शेयरधनी श्री चिरन्जिवी ज्ञवालीको प्रश्नको सन्दर्भमा अध्यक्ष ज्यूको अनुमतिमा प्रमुख कार्यकारी अधिकृतज्यूले प्रत्युत्तर दिनु भयो २०७८ मा साधारण सभाले पास गरी प्रिमियमा

FPO जारी गर्ने गरी धितोपत्र बोर्डमा पेश गर्दा धितोपत्र बोर्डले निर्देशिका पास गरी लघुवित्तको Industrial Risk रहेको ले प्रिमियमा जारी गर्न नदिने भनि जानकारी पश्चात शुरु प्रक्रियाबाट पुन आवदेन दिई परल मुल्यमा जारी गरिएको जानकारी दिनु भयो ।

१६. **प्रस्ताव र सभाको निर्णय :**

तत्पश्चात् छलफलका विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि अध्यक्षज्यूले प्रस्तुत गरिएका देहायका प्रस्तावहरुमा देहाय अनुसार निर्णय पारित गरियो :

(क) **सामान्य प्रस्तावहरु :**

१. **सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७९/०८० को बार्षिक प्रतिवेदन स्वीकृत गर्ने ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको सञ्चालक समितिको नवौं बार्षिक प्रतिवेदन पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित भयो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्त सम्मको वासलात र आ.व.२०७९/०८० को, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत वित्तीय विवरणमा छलफल गरी स्वीकृत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब.२०७९/०८० को आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब, इक्वीटीमा भएको परिवर्तन र नगद प्रवाह विवरण सहितको अनुसूचीहरु छलफल गरी पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित भयो ।

३. **कम्पनीको आ.व.२०८०/०८१ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिले सिफारिस गरे वमोजिम लेखापरीक्षक नियुक्ति गर्ने । रविन ढकाल एण्ड एसोसिएट्स का चाटर्ट एकाउन्टेण्ट, श्री रविन ढकाललाई नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

संस्थाको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम यस वित्तीय संस्थाको नवौं बार्षिक साधारण सभाले आर्थिक बर्ष २०८०/०८१ का लागि कम्पनी ऐन २०६३, को दफा १६५ को खण्ड (घ) वमोजिम, यस वित्तीय संस्थाको नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) अनुसार बैधानिक लेखा परीक्षण, कर लेखा परीक्षण, लङ्ग फर्म अडिट रिपोर्ट तथा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण प्रमाणिकरण सहितको कार्यका लागि रविन ढकाल एण्ड एसोसिएट्स का चार्टर्ट एकाउन्टेण्ट, श्री रविन ढकाललाई लेखापरीक्षकको रुपमा नियुक्ति गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतबाट पारित भयो । साथै लेखापरीक्षण कार्यको लागि

पारिश्रमिक बापत रु २,००,०००/- (मु.अ.कर बाहेक) प्रदान गर्ने प्रस्ताव समेत निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित भयो ।

४. **संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने ।**

सञ्चालक समितिका अध्यक्षज्यूले शेयरधनी श्री लाल बहादुर थापा निविरोध निर्वाचित भएको जानकारी साधारण सभामा गराउनु भयो ।

(ख) <u>विशेष प्रस्तावहरु :</u>

**१. भविष्यमा वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय सस्थाहरुलाई गाभ्ने वा संस्थाहरुसंग गाभिने,गाभ्ने/गाभिने (Merger) वा प्राप्ती गर्ने/प्राप्ती हुन जाने (Acquisition) प्रयोजनार्थ उपयुक्त देखिएमा सो संग सम्बन्धित आवश्यक सम्पूर्ण कार्वाही अगाडि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

भविष्यमा वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय सस्थाहरुलाई गाभ्ने वा संस्थाहरुसंग गाभिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ती गर्ने/प्राप्ती हुन जाने (Acquisition) प्रयोजनार्थ उपयुक्त देखिएमा सो संग सम्बन्धित आवश्यक सम्पूर्ण कार्वाही अगाडि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु हुदा उक्त प्रस्ताव सभाबाट सर्बसम्मतिले पारित भयो ।

१७. <u>शेयरधनी महानुभावहरुको तर्फवाट राखिएको मन्तब्यको शारांश,</u>

**१. सर्वसाधारण शेयरधनीको तर्फवाट ज्ञानेन्द्र पौडेल** : साधारण सभामा उपस्थित हुन पाएकोमा हर्ष रहेको उहाँ साधारण सभामा पहिलोचोटी भाग लिएको पनि जानकारी गराउनु भयो भने यस सभाले परित गरेको सर्म्पुण प्रस्तावहरु कार्यान्वयनमा रहोस भनि सभाको सफलताको शुभकामना दिनुभयो ।

१८. <u>प्रमुख अतिथि को मन्तव्य</u> :

वित्तीय संस्थाका संस्थापक अध्यक्ष तथा पूर्व संघीय संसद सार्वजनिक लेखा समिति सभापति श्री भरत कुमार शाहज्यूले यस वित्तीय संस्था दोस्रो पटक नोक्सानमा गएको पहिलो पटक ४० लाख थियो भने अहिले २ करोड रहेको, संस्था चलाए पछि नाफा घाटा हुने देशमा चरम मन्दीले धेरै संस्थाहरु घाटामा रहेको संसारमा चाडो धनीहुने ३ कुराहरु रहेको शेयर, जग्गाको कारोवार र म्युचल फण्ड/घर जग्गा कारोवार सरकारले विगारेको ४० प्रतिशतमा घर जग्गामा लगानी, शेयर कारोवार नेताहरुले विगारेको र सवैको असर म्युचल फण्डमा परेको । नेपाल राष्ट्र बैंकले

व्याज बढाई ८ प्रतिशत बाट १४.५० प्रतिशत पुर्‍याएको, विश्व बजारमा पनि व्याज बढेको अमेरिकमा १.५ प्रतिशत बाट बढेर १२ प्रतिशत पुगेको कोभिडको समयमा आफ्ना नागरिकहरुलाई रकम बाड्रेर व्याज वृद्धि गरेको जसको असर सवै देशहरुमा देखिएको । देशको महंगी ७ प्रतिशत बाट घटेर ५ प्रतिशतम रहेको ४ प्रतिशतमा झरेपछि शेयरको भाउ बढ्ने, बैक व्याज पनि घट्दो अवस्थामा रहेको बैदेशिक रकम १६ खर्व रहेको जुन १४ महिनालई पुग्ने संचित रहेको भने भारतमा ८ महिना र पकिस्तानमा २ महिना मात्र पुग्ने संचितमा रहेको नेपालमा बैदेशिक मुद्रा संचितिमा कुनै अर्थशास्त्रिको नभई विदेशमा गएका दाजुभाईहरुको योगदान रहेको, कुल जिडिपीको ४५ प्रतिशत कर्जा हाम्रो देशमा रहेकोमा भारतमा १०० प्रतिशत, पाकिस्तान र श्रीलंकामा १२० प्रतिशत जिडिपीको कर्जा रहेको, समस्या आइसके पश्चात यसलाई समाधान तर्फ लाग्नु पर्ने, अर्थतन्त्र लयमा फर्कन लागेकोले बढी टेन्सन नलिन भन्नु भयो । १४.५ प्रतिशतमा कर्जा लिई १५ प्रतिशतमा लगानी गर्दा नाफा हुन्छ भनी नेपाल राष्ट्र बैक मा सोध्दा गल्ती भएको महशुस गरेको पाइयो भने अव सुधार हुन सक्ने, ६ खर्व रकम लघुवित्तहरुमा बैक तथा वित्तीय संस्थाको लगानी रहेकोले लघुवित्त डुवे बैक पनि डुब्ने, २० लाख सम्मको कर्जा माफ गर्दा सरकारले भुक्तानी गर्नु पर्ने वा डिवेन्चर जारी गर्न दिनु पर्ने, कर्जा माफ सरकारले गर्न सक्ने अवस्था छैन । भारतमा पनि मनमोहनको पालामा ५ लाख कर्जा माफ गरेको जसको असर चुनावमा मात्र देखिएको । वित्तीय संस्थामा कर्मचारीहरु २ वर्ष भन्दा बढी एक शाखामा राख्न नहुने, सरुवा गर्नु पर्ने भन्दै खर्च घटाउने तर्फ लाग्नु पर्ने, नजिकका शाखाहरु मर्ज गरी घर भाडा रकम घटाउन सकेमा ६० लाख देखी १ करोड सम्म फाइदा हुने, बैकको व्याजदर १० प्रतिशत भन्दा कम आउने वितिकै नाफामा आउने । यस वर्ष नोक्सान भए पनि मंसिर सम्मको स्थिति हेर्दा अर्को बर्षमा नाफा हुन सक्ने संकेत देखिएको छ । बैक बाट कर्जा लिने मानिस हरु कम रहेको, मनोवल गिरेकोले नेपाल राष्ट्र बैंक र सरकारले मनोवल उठाउनु पर्ने, सवैले धैर्य गर्नुस अप्ठारो र अधेरा दिनहरु आईरहन्छन्, ने.रा. बैंक र सरकार दुवैले चेत खाएको छन । राष्ट्र बैंकको सुझाव कमिटिले ८ प्रतिशतको फरक राख्न भनेको छ सुधार हुदै जान्छ सवैलाई नआतिन्न भन्दै सभाको पूर्ण सफलताको शुभकामना दिनुभयो ।

१९. **धन्यवाद ज्ञापन र सभा विसर्जन :**

अध्यक्ष श्री खड्ग बहादुर रानाज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमुल्य राय, सल्लाह, मन्तव्य व्यक्त गरी सभालाई सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरु, संस्थाको प्रगतिको लागि सहयोग, सद्भाव र अमुल्य सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग हाउस, शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल, आन्तरिक राजस्व कार्यालय भैरहवा, विपन्न बर्ग लगानी क्षेत्रका लागि सापट प्रदान गर्नुहुने सबै बैंक तथा वित्तीय संस्थाहरु, नेपाल लघुवित्त बैंकर्स संघ, माइक्रोफाइनान्स एशोसिएसन अफ नेपाल, युरानश टेक नेपाल प्रा.लि. आदरणीय ग्राहक सदस्य वर्ग तथा समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नुभयो । साथै, वित्तीय

संस्थाको व्यवस्थापन तथा सम्पूर्ण लगनशिल कर्मचारी वर्गलाई समेत हार्दिक धन्यवाद दिनुभयो ।

छलफल गर्नुपर्ने विषय बाँकी नभएको हुँदा अध्यक्षज्यूले साधारण सभा सम्पन्न गर्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनुहुँदै दिउँसो ३.०० बजे सभा विसर्जन गर्नु भयो ।

..............................
**खड्ग बहादुर राना**
**अध्यक्ष**

..............................
**नारायण अधिकारी**
**कम्पनी सचिव**

**मिति २०८०/०९/२९**